**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१.राष्ट्रपति द्रौपदी मुर्मुले संसदको शीतकालीन अधिवेशनमा पारित **सतत परमाणु ऊर्जा उपयोग र विकास, भारत रूपांतरण विधेयक, 2025 - शांति** विधेयक, विधेयकलाई आफ्नो स्वीकृति दिनुभएको छ।

२.प्रधान मन्त्री नरेन्द्र मोदीले विकसित भारत निर्माणमा देशका किसान र किसानहरूको महत्त्वपूर्ण भूमिका रहेको र सरकारले किसानहरूको हितलाई सर्वोपरि राखेर काम गरिरहेको बताउनु भएको छ।

३.महाराष्ट्रमा महायुती गठबन्धनले स्थानीय निकायको चुनावमा शानदार विजय हासिल गरेको छ।प्रधानमंत्री नरेन्द्र मोदीले यो जीतले जनकेन्द्रित विकासको दृष्टिकोणमा विश्वास झल्काएको बताउनु भएको छ।

४.आज राष्ट्रिय गणित दिवस हो।

५.महिला क्रिकेटमा, हिजो राति विशाखापट्टनममा खेलिएको पाँच खेलको टी-२० अन्तर्राष्ट्रिय शृङ्खलाको पहिलो खेलमा भारतले श्रीलंकालाई आठ विकेटले पराजित गरेको छ।

**राष्ट्रपति - शान्ति विधेयक**

राष्ट्रपति द्रौपदी मुर्मुले संसदको शीतकालीन अधिवेशनमा पारित **सतत परमाणु ऊर्जा उपयोग और विकास, भारत रूपांतरण विधेयक, 2025 - शांति** विधेयक, २०२५ - शान्ति विधेयकलाई आफ्नो स्वीकृति दिनुभएको छ। राष्ट्रपतिले हिजो यो विधेयकलाई अनुमोदन गर्नुभयो।

यो विधेयकले नागरिक परमाणु क्षेत्रसँग सम्बन्धित सबै कानूनहरूलाई एकीकृत गर्दछ र यस क्षेत्रमा निजी क्षेत्रको सहभागिताको व्यवस्था गर्दछ। विधेयकले परमाणु ऊर्जा ऐन, 1962 र नागरिक परमाणु क्षति दायित्व अधिनियम, 2 ऐन, २०१० लाई खारेज गर्दछ, जुन भारतमा नागरिक परमाणु क्षेत्रको विकासमा बाधा मानिन्थ्यो।

**प्रधानमंत्री-असम**

प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभयो, विकसित भारत निर्माणमा देशका किसान र किसानहरूको महत्त्वपूर्ण भूमिका छ र सरकारले किसानहरूको हितलाई सर्वोपरि राखेर काम गरिरहेको छ। उहाँले किसानमैत्री योजनाहरू सबै किसानहरूलाई विस्तार गरिएको बताउनु भयो। असमको डिब्रुगढ जिल्लाको नामरूपमा हिज अमोनिया-यूरिया उर्वरक परियोजनाको शिलान्यास गर्नुहुदै प्रधानमन्त्री मोदीले यो कुरा भन्नुभयो। यस प्लान्टको वार्षिक युरिया उत्पादन क्षमता १२.७ लाख मेट्रिक टन हुनेछ र यो परियोजना २०३० मा सञ्चालनमा आउने अपेक्षा गरिएको छ।उर्वरकहरुको निरन्तर आपूर्ति सुनिश्चित गर्ने महत्त्वमा जोड दिनुहुदै प्रधानमन्त्रीले नयाँ युरिया प्लान्टले चाँडै देशका किसानहरूलाई उर्वरकको आपूर्ति सुनिश्चित गर्ने बताउनु भयो। स्थानीय उत्पादनले आपूर्तिलाई गति दिनुका साथै हजारौँ नयाँ रोजगारी र स्वरोजगारका अवसर सिर्जना गर्ने उहाँले बताउनु भयो।

**बाइट-पीएम-फर्टिलाइजन बेनिफिट**

**प्रधानमंत्री - अरुणाचल चुनाव**

प्रधानमंत्री नरेन्द्र मोदीले पंचायत चुनावहरुमा जीत र सुशासनको राजनीतिप्रति समर्थनको लागि अरुणाचल प्रदेशका जनतालाई आभार व्यक्त गर्नु भएको छ । श्री मोदीले सोशल मीडिया पोस्टमा भन्नु भयो यस जीतले राज्यमा तीव्र गतिले विकासको लागि निरंतर काम गर्ने संकल्प अझ बलियो बनेको छ । प्रधानमंत्रीले जनतासित जुडेर अथक परिश्रम गर्ने भाजपा कार्यकर्ताहरुको सराहना गर्नुभयो ।

## प्रधानमंत्री - महाराष्ट्र चुनाव

प्रधानमंत्री नरेन्द्र मोदी, केंद्रीय गृह मंत्री अमित शाह, भाजपा अध्यक्ष जेपी नड्डा र भाजपाका राष्ट्रीय कार्यकारी अध्यक्ष नितिन नबीनले नगर परिषद र नगर पंचायत चुनावहरुमा भाजपा र महायुतिको जीतमाथि महाराष्ट्रका जनताप्रति आभार व्यक्त गर्नु भएको छ ।एक सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले भन्नुभयो, यो विजयले जनकेन्द्रित विकासको दृष्टिकोणमा विश्वास झल्काउँदछ।उहाँले भाजपा र महायुति कार्यकर्ताहरु द्वारा गरिएको जमीनी स्तरको अथक परिश्रमहरुको सराहना गर्नुभयो । प्रधानमंत्रीले भन्नु भन्नु भयो कि सरकार राज्यका हरएक नागरिकको आकांक्षाहरु पूरा गर्नका लागि नयाँ ऊर्जाको साथ काम गर्न को लागि प्रतिबद्ध छ । श्री शाहले भन्नुभयो कि यो परिणाम सुशासन, विकास र जन कल्याणलाई प्राथमिकता दिने राजनीतिको जीतको प्रतीक हो । श्री नड्डाले भन्नुभयो कि महायुतिको यो शानदार जीतले प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्व भएको डबल इंजन सरकारको जन कल्याणकारी नीतिहरु प्रति जनताको अटूट समर्थनलाई दर्शाउदछ ।
श्री नबीनले भन्नु भयो कि महाराष्ट्र नगर परिषद र नगर पंचायत चुनावहरुमा प्राप्त जीत प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्व भएको एनडीए सरकार प्रति मानिसहरुको विश्वास र आशीर्वादको परिणाम हो ।

## दिव्य कला मेला

दिव्य कला मेलाको २८ औं संस्करण हिजो नयाँ दिल्लीको कार्तव्य पथमा एक रंगारंग समारोहका साथ समापन भयो। नौ दिने मेलाले दिव्यांगजन व्यक्तिहरूलाई हस्तकला, घर सजावट, कपडा र अन्य रचनात्मक उत्पादनहरू प्रदर्शन र बिक्री गर्न प्लेटफर्म प्रदान गर्‍यो। सामाजिक न्याय तथा अधिकारिता मंत्रालय अन्तर्गत दिव्यांगजन भएका व्यक्तिहरूको सशक्तिकरण विभागद्वारा आयोजित यस मेलामा २० राज्यका १०० भन्दा बढी दिव्यांगजन भएका शिल्पकार र उद्यमीहरूले भाग लिएका थिए।समापन समारोहमा, दिव्यांगजन भएका कलाकारहरूले धेरै सांस्कृतिक प्रस्तुतिहरू प्रस्तुत गरे, जुन दर्शकहरूले राम्रोसँग मन पराए।

## महाराष्ट्र - स्थानीय निकाय चुनाव

महाराष्ट्रमा महायुती गठबन्धनले स्थानीय निकायको चुनावमा शानदार विजय हासिल गरेको छ। भाजपा, शिव सेना र एनसीपीको महायुती गठबन्धनले २८८ नगर परिषद् र नगर पञ्चायतमा २०७ स्थानीय निकाय अध्यक्ष पदहरू ओगटेको छ। विपक्षी महाविकास अघाडी केवल ४४ सिटमा सीमित भएको छ। राज्य निर्वाचन आयोगका अनुसार, भाजपाले ११७ नगर परिषद् र नगर पञ्चायत अध्यक्ष पदहरू जितेको छ। कांग्रेसले २८, एनसीपी-शरद पवारले सात र शिव सेना-उद्धव ठाकरेले नौ सिट जितेका छन्। चुनाव आयोगमा दर्ता भएका अन्य दलहरूले चार सिट जितेका छन् भने २८ नगर परिषद् र नगर पञ्चायत अध्यक्ष पदहरू मान्यता प्राप्त नभएका दर्ता भएका दलहरूले जितेका छन्। स्वतन्त्र उम्मेदवारहरूले पाँच सिट जितेका छन्। २८६ नगर परिषद् र नगर पञ्चायतहरूको लागि चुनाव दुई चरणमा सम्पन्न भएको थियो भने अन्य दुई स्थानीय निकायमा उम्मेदवारहरू निर्विरोध चुनिएका छन्।

## राष्ट्रिय गणित दिवस

आज राष्ट्रिय गणित दिवस हो। यो दिन भारतका सबैभन्दा प्रभावशाली र विश्वव्यापी रूपमा मान्यता प्राप्त गणितज्ञ श्रीनिवास रामानुजनको जन्मजयन्तीको सम्झनामा मनाइन्छ। यस अवसरलाई मनाउन देशभरका शैक्षिक संस्थाहरू, अनुसन्धान निकायहरू र शैक्षिक मञ्चहरूले वैज्ञानिक प्रगति र दैनिक जीवनमा गणितको महत्त्वलाई उजागर गर्नेछन्। भारत सरकारले डिसेम्बर २०११ मा औपचारिक रूपमा यो दिन सुरु गर्‍यो र गणितमा रामानुजनको असाधारण योगदानलाई मान्यता दिँदै 22 डिसेम्बरलाई राष्ट्रिय गणित दिवसको रूपमा तोकेको थियो। २०१२ लाई राष्ट्रव्यापी रूपमा गणितको राष्ट्रिय वर्षको रूपमा

मनाइयो, जसले गणितीय शिक्षा र अनुसन्धानलाई थप संस्थागत बनायो। २२ डिसेम्बर श्रीनिवास रामानुजनको जन्मजयन्ती हो, जसको कामले एक शताब्दीभन्दा बढी समय पछि पनि आधुनिक गणितलाई प्रभाव पारिरहेको छ।

**अरावली संरक्षण स्पष्टीकरण**

अरावली पर्वत शृङ्खलाको बारेमा फैलिएको भ्रामक दाबीहरूको बीचमा, सरकारले यसमा तत्काल कुनै खतरा नभएको आश्वासन दिएको छ। पर्यावरण, वन और जलवायु परिवर्तन मंत्रालय ले एक प्रेस विज्ञप्तिमा भनेको छ -अरावली पर्वत शृङ्खला राष्ट्रको लागि प्राकृतिक सम्पदा र पारिस्थितिक ढालको रूपमा काम गर्दछ।सर्वोच्च अदालतको आदेशलाई उल्लेख गर्दै, मन्त्रालयले भनेको छ -स्थानीय भूभागभन्दा १०० मिटर वा सोभन्दा माथिको कुनै पनि भू-रूप सुरक्षित छ। मन्त्रालयले भनेको छ कि ५०० मिटरको दूरी भित्रका पहाडहरूलाई अरावली शृङ्खलामा समूहबद्ध गरिएको छ। त्यसकारण, बीचमा रहेका उपत्यका, ढलान र साना पहाडहरू पनि सुरक्षित छन्। मन्त्रालयले स्पष्ट पारेको छ -१०० मिटर भन्दा कम उचाइ भएका सबै भू-रूपहरूमा खानीलाई अनुमति दिइएको छ भन्ने निष्कर्ष निकाल्नु गलत हो।

**बांग्लादेश - हत्या**

इन्कलाब मञ्चका प्रवक्ता सरिफ उस्मान बिन हादीको हत्याका मुख्य आरोपी फैसल करिम मसूद देश छाडेर भागेको भन्ने कुनै प्रमाण आफूसँग नभएको पुलिसले जनाएको छ ।

**महिला टी-२० क्रिकेट**

महिला क्रिकेटमा, हिजो राति विशाखापट्टनममा खेलिएको पाँच खेलको टी-२० अन्तर्राष्ट्रिय शृङ्खलाको पहिलो खेलमा भारतले श्रीलंकालाई आठ विकेटले पराजित गऱ्यो। यससँगै भारतले शृङ्खलामा १-० को अग्रता लिएको छ।भारतले श्रीलंकाको १२२ रनको लक्ष्य १४ ओभर र ४ बलमा पूरा गऱ्यो। भारतका लागि जेमिमा रोड्रिग्सले ४४ बलमा अविजित ६९ रन बनाइन् र प्लेयर अफ द म्याच घोषित भइन्।

****** ० ******